मिति : २०७६/१२/१९
समय : बिहान ११:३० बजे
स्थान : महांकाल सदन

## कार्यपालिकाको ४९ औं बैठकका निर्णयहरु :

**निर्णय नं १ :** विश्वव्यापी महामारी कोरोना भाइरस रोग(कोभिड-१९) संक्रमण नियन्त्रण सम्बन्धमा हाल सम्म भए गरेका कार्यहरुको जानकारी एवम् समिक्षा गरियो ।

**निर्णय नं २ :** विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस(कोभिड-१९)रोगको संक्रमण नियन्त्रण गर्न नगरपालिकास्तरमा र वडास्तरमा समेत स्थानीय समन्वय समितिहरु गठन भई क्रियाशील रहेका छन् । उक्त समितिहरु मार्फत यस नगरपालिका र साझेदार संस्थाहरुको सहकार्यमा सचेतना अभियान, अभिलेख व्यवस्थापन, संकास्पद संक्रमितहरुको स्वास्थ्य परीक्षण र नमूना जाँच गर्न पठाउने र ती व्यक्तिहरुलाई छुट्टै राख्न आइसोलेशन वार्ड तयारी तथा व्यवस्थापन गर्न, भारत लगायत तेश्रो मुलुकबाट नगर प्रवेश गर्ने/गरेका नागरिकहरुलाई राख्न क्वारेन्टाइन तयारी तथा संचालन गर्ने जस्ता कार्यहरु द्रुत गतिमा भैरहेका छन् । यस कार्यका लागि चालु आ.व. मा विपद व्यवस्थापनका लागि विनियोजित बजेट अभाव रहेको छ । चालु आ.व.मा. साझेदारीमा नगर बस संचालन गर्न रु ४० लाख विनियोजन भएकोमा हाल नगर बस संचालन गर्न सम्भव नदेखिएकाले सो शिर्षकको सम्पूर्ण रकम विपद व्यवस्थापन कोषमा जम्मा गरी खर्च व्यवस्थापन मिलाउने निर्णय गरियो ।

**निर्णय नं ३ :** निर्णय नं २ बमोजिम हुने खर्च नगर कार्यपालिकाको विपद व्यवस्थापन समितिले खर्च विवरण एकीन गरी सिफारिस गरे पश्चात कार्यालयवाट भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं ४ :** नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त "असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्वन्धी मापदण्ड, २०७६" को नमूना परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :** निर्णय नं २ र ३ बमोजिम तपसिलका कार्यहरुमा खर्च गर्ने निर्णय गरियो ।

(क) भारत लगायत तेश्रो मुलुकवाट नगरपालिका प्रवेश गर्ने / गरेका नगरवासीहरुलाई बढीमा २ हप्ता सम्म क्वारेन्टाइनमा राख्दा हुने खर्चहरु, (क्वारेन्टाइन संचालन तथा व्यवस्थापन खर्च)

(ख) नमूना परीक्षणका लागि पठाई अलग्गै राखिएका (आइसोलेशन)सम्भावित संक्रमितहरु सम्बन्धी आइसोलेशन व्यवस्थापन खर्च,

(ग) कोरोना संक्रमण नियन्त्रण सम्बन्धी वडास्तरको स्थानीय समितिको सिफारिस र "असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असाहयहरुलाई उपलव्ध गराइने राहत सम्वन्धी मापदण्ड, २०७६" का आधारमा हुने राहत सम्बन्धी खर्च,

(घ) संक्रमण नियन्त्रण कार्यमा प्रयोग हुने सुरक्षा सामाग्रीहरु, सरसफाई तथा सम्वन्धित कार्यको फोहोरमैला व्यवस्थापन लागत, सचेतना तथा निगरानी अभियान संचालन खर्चहरु,

(ङ) नगर कार्यपालिकाको विपद व्यवस्थापन समिति तथा वडास्तरको स्थानीय समितिहरुको सिफारिसमा नगर कार्यपालिकाले आवश्यक ठहर्याएको अन्य खर्च।

**निर्णय नं ६ :** कोरोना भाइरस रोग संक्रमण नियन्त्रण सम्बन्धी नेपाल सरकार, वागमती प्रदेश सरकार, पालिकाहरु लगायत अन्य राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ संस्थावाट प्राप्त हुने सवै प्रकारका सहायता रकमहरु यस नगरपालिकाको विपद व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो।

**निर्णय नं ७ :** संक्रमण नियन्त्रण सम्बन्धमा विभिन्न निकाय संघ संस्थाहरुवाट उपलब्ध हुने जिन्सी सामाग्रीहरुको लगत राखी उपयोग व्यवस्थापन मिलाउन तपसिलको कार्यटोली गठन गरी कार्यजिम्मेवारी दिने निर्णय गरियो।

**तपशिल**

(क) श्री ज्ञानु कुमार खड्का - संयोजक

(ख) श्री श्याम बहादुर खड्का - सदस्य

(ग) श्री अर्जुन लामा – सदस्य सचिव

**निर्णय नं ८ :** लामो अवधिको वन्दावन्दी (लकडाउन) लाई मध्यनजर गर्दै नगरपालिका सबै वडाहरुमा घुम्ती सामाग्री विक्री व्यवस्थापन (होम डेलिभरी ) गर्न दोलखा उद्योग वाणिज्य संघ, सुपर नाईन मार्ट लगायत दोलखा उद्योग वाणिज्य संघको सिफारिसमा अन्य खाद्य सामाग्री व्यवसायीहरुलाई व्यवस्थापन गर्न अनुरोध गर्ने/ यसरी सामग्री ढुवानी गर्दा मुल्य सूची र विक्री विवरण यस नगरपालिकामा पेश गर्न लगाई ढुवानी सहजीकरण गर्न स्थानीय प्रशासनलाई लेखी पठाउने निर्णय गरियो।

**निर्णय नं ९ :** देश वन्दावन्दी (लकडाउन) को अवस्थामा सुत्केरी महिला, अपांगता भएका व्यक्तिहरु र जेष्ठ नागरिकहरुको स्वास्थ्य सुरक्षा जोखिम कम गर्न स्वास्थ्यकर्मी सहितको वडास्तरको स्थानीय समन्वय समितिको टोलीबाट घरदैलो स्वास्थ्य परिक्षण व्यवस्था मिलाई यस्ता लक्षित वर्गका सेवाग्राहीहरुलाई आकस्मिक स्वास्थ्य सेवा उपलव्ध गराउन निशुल्क यातायात व्यवस्थापन मिलाउने निर्णय गरियो।

**निर्णय नं १० :** कोरोना भाइरस रोगसंक्रमण नियन्त्रण गर्ने सचेतना पुस्तिका (फ्ल्यायर), व्यक्तिगत सुरक्षा सामाग्री (पिपिई), सेनिटाइजर, मास्क लगायतका सामाग्री यस नगरपालिकालाई उपलब्ध गराई सहयोग पुर्याएकोमा साझेदार संस्था यु.एन.डि.पि. लाई धन्यवाद दिने निर्णय गरियो।

**निर्णय नं ११ :** वडास्तरको स्थानीय समन्वय समिति मार्फत भारत लगायत तेश्रो मुलुकवाट आएका नगरवासीहरुको लगत लिई कम्तिमा दुई हप्ता सम्म नगरपालिकाको क्वारेन्टाइनमा तत्काल वसाउने व्यवस्था गरी क्वारेन्टाइनको वसाई आरामदायी बनाई मनोसामाजिक परामर्श समेत दिने व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं १२ :** कोभिड-१९ संक्रमण नियन्त्रण गर्न नगरपालिका भित्र एक व्यक्ति एक मास्क तथा एक घर परिवारलाई दुई वटा हात धुने सावुन वितरण गर्दै सचेतना पुस्तिका वितरण, सचेतना प्रचार श्रव्य सामाग्री (जिन्गल) वनाई प्रचार प्रसार गर्न वडास्तरको स्थानीय समिति मार्फत अभियान संचालन गर्ने, यस कार्यमा नगरपालिकाभित्र कार्यक्षेत्र रहेका सम्पूर्ण विषयगत सहकारीहरूलाई सहयोग साझेदारी गर्न आव्हान गर्ने र नपुग बाँकी लागत नगरपालिकाको विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं १३ :** कोरोना भाइरस रोग नियन्त्रण सचेतना अभियान संचालन गर्न कार्यपालिकाको ४८ औं बैठकबाट विनियोजन गरिएको रु १०,०००/- मा विपद व्यवस्थापन कोषबाट खर्च हुने गरी थप रु १०,०००/- प्रति वडा विनियोजन गर्ने निर्णय गरियो ।